**नेपाली / *NEPALI***

**बाट: कुलपति Jennifer Mnookin**
**लागि: संकाय, शैक्षिक, अस्थायी र युनिभर्सिटी कर्मचारीहरू**
**बारे: तलब योजना अपडेट**
**मिति: नोभेम्बर १, २०२३**

हाम्रा कर्मचारीहरूका लागि--

तपाईंले मङ्गलबार यो समाचार पढ्नुभएको होला कि गभर्नर Evers ले अन्य मुद्दाहरू मध्ये विधानसभाका सदस्यहरूमाथि मुद्दा हाल्न आफ्नो स्वतन्त्र अधिकार प्रयोग गर्नुभयो, यो दाबी गर्दै कि *Universities of Wisconsin* का कर्मचारीहरूलाई पहिले नै स्वीकृत राज्य कर्मचारीको तलब वृद्धिबाट वञ्चित गरेकोमा सो सदस्यहरूले आधारभूत सरकारी कार्यहरूमा बाधा पुऱ्याए।

*UW–Madison* मा, विधानसभाको निष्क्रियताबाट साह्रै निराश भएका छौं र यी योग्य तलब वृद्धिको लागि वकालत गर्न जारी राख्दैछौं। म, *Universities of Wisconsin* नेतृत्वको साथमा, हाम्रा विद्यार्थीहरू र राज्य वरपरका समुदायहरूको तर्फबाट तपाईं र तपाईंको महत्त्वपूर्ण कामलाई समर्थन गर्न जारी राख्छु।

तलको वेबसाईटको लिङ्कमा थिच्नुभएर, *Universities of Wisconsin* का अध्यक्ष Jay Rothman ले सबै कर्मचारीहरूका लागि लेख्नुभएको सन्देश पढ्नुहुन प्रोत्साहन गर्दछु:
**अध्यक्ष Rothman ले लेख्नुभएको सन्देश पढ्नुहोला (*PDF*)**

म आशावादी छु कि विधानसभाका नेताहरूले आफ्नो पहिलेको निर्णयलाई उल्टाउनेछन् र हाम्रा कर्मचारीहरू र वहाँहरूका परिवारहरूको तलब बढाउनेछन् जुन राज्यको बजेटमा पहिले नै स्वीकृत भइसकेको छ। हामीले थप जानकारी पाउने बित्तिकै हामी यस मुद्दाको बारेमा अपडेटहरू प्रदान गर्न जारी राख्नेछौं।
कुलपति Jennifer Mnookin